महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

मन्थली नगरपालिका

रामेछाप

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

मन्थली नगरपालिका

रामेछाप



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

मन्थली नगरपालिका

रामेछाप

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र

प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र २९

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
बागमति प्रदेश लेखापरीक्षण महानिर्देशनालय
काठमाडौं

पत्र संख्याः २०७९।८०
च.नं. ५१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू
मन्थली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
रामेछाप ।

कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँ/नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.६ करोड ४५ लाख ३९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.१ करोड २४ लाख ८१ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १२ लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ९५ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७२ लाख ९२ हजार र पेश्की रु.३९ लाख ७५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१६ करोड ०४ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड १३ लाख २२ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

मन्थली नगरपालिका, रामेछाप

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४५	६१	६४५३९	०	३	१२४८१	४५	५८	५२०५७	१२५६	१७२९२	२९५३३	०	०	४६८२५	३९७५

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	५१	समपुरक योजना	५४३६७५८
२	६४	वढी भुक्तानी	४५१३५
३	७८	कार्यसम्पन्न प्रतिवेदन	७००००००

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मन्थली नगरपालिका, रामेछाप	१६०४८९	०	१२२४	१५९२६५	०	५२०५७	२११३२२

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मन्थली नगरपालिका, रामेछाप , मन्थली नगरपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लिलाराज पौडेल	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	हरि खपाङ्गी मगर	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	५२,०५७,५६९.३

गत बर्षको जिम्मेवारी		२४,८३,९१,३०३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५८,२०,५६,६२१	**चालु खर्च**	४९,३७,१४,५०९
प्रदेश सरकारबाट अनुदान	६,६५,९९,३८१	**पूँजीगत खर्च**	४०,१४,६४,२९६
राजश्व बाँडफाँट	१९,००,४७,०८७	**वित्तीय/अन्य व्यवस्था**	२४,०७,०८,७३५
आन्तरिक आय	१,६२,७१,७८२		
अन्य आय	२५,०४,३८,६१८		
कुल आय	१,१०,५४,१३,४८९	**कुल खर्च**	१,१३,५८,८७,५४०
बाँकी मौज्दात		२१,७९,१७,२५१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचयः**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १४ वडा, ७४ सभा सदस्य, २११.७७ वर्ग किलो मिटर क्षेत्रफल तथा ५० हजार जनसंख्या रहेको छ ।	
२			**संचितकोषको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९२,१४,९१,९७४	८७,३७,५४,७४४.९६		८७,३७,५४,७४४.९६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		९०,२७,१७,८७१	८५,४९,७४,८७२.९२	०	८५,४९,७४,८७२.९२
११००० कर	११	१६,६३,२२,८७१	१९,००,४७,०८७.९२	०	१९,००,४७,०८७.९२
१३००० अनुदान		७०,२८,९५,०००	६४,८६,५६,००२.५८	०	६४,८६,५६,००२.५८
संघीय सरकार	१२	६२,३६,७९,०००	५८,२०,५६,६२१.५८	०	५८,२०,५६,६२१.५८
प्रदेश सरकार	१२	७,९२,१६,०००	६,६५,९९,३८१	०	६,६५,९९,३८१
बैदेशिक श्रोत	१२	०	०	०	०
१४००० अन्य राजस्व		३,३५,००,०००	१,६२,७१,७८२.४२	०	१,६२,७१,७८२.४२
ख. अन्य प्राप्ति		१,८७,७४,१०३	१,८७,७९,८७२.०४		१,८७,७९,८७२.०४
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		१,८७,७४,१०३	१,१३,७७,९८५.०४	०	१,१३,७७,९८५.०४
धरौटी		०	७४,०१,८८७	०	७४,०१,८८७
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०

भुक्तानी (ग+घ)		१,११,६६,८०,२३९	९०,४२,२८,७९५.४१		९०,४२,२८,७९५.४१
ग. भुक्तानी (सञ्चित कोषबाट)		१,०९,७९,०६,१३६	८९,५१,७८,८०६.४१		८९,५१,७८,८०६.४१
२१००० पारिश्रमिक / सुविधा	१८	३३,३१,५२,०००	३२,२७,९६,८१६.८०	०	३२,२७,९६,८१६.८०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१४,५६,१६,०००	१२,४७,७५,३४३.८०	०	१२,४७,७५,३४३.८०
२५००० सहायता (Subsidy)	१८	२३,७९,०००	२०,७८,५००	०	२०,७८,५००
२६००० अनुदान	१८	४,९६,३६,०००	४,०९,१३,१९८	०	४,०९,१३,१९८
२७००० सामाजिक सुरक्षा	१८	१,४७,३५,०००	२४,९६,४५१	०	२४,९६,४५१
२८००० अन्य खर्च	१८	१३,३५,०००	६,५४,२००	०	६,५४,२००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	५५,१०,५३,१३६	४०,१४,६४,२९६.८१	०	४०,१४,६४,२९६.८१
घ. अन्य भूक्तानी		१,८७,७४,१०३	९०,४९,९८९		९०,४९,९८९
कोषहरु		१,८७,७४,१०३	२८,२७,३४४	०	२८,२७,३४४
धरौटी		०	६३,२८,६९२	०	६३,२८,६९२
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(१,०६,०४७)		(१,०६,०४७)
ङ. यो वर्षको बचत (न्युन)		(१९,५१,८८,२६५)	(३,०४,७४,०५०.४५)		(३,०४,७४,०५०.४५)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२४,८३,९१,३०३.८३		२४,८३,९१,३०३.८३
वर्षान्तको बाकी रकम (ङ + च)		(१९,५१,८८,२६५)	२१,७९,१७,२५३.३८		२१,७९,१७,२५३.३८

३

संचितकोषमा समावेश नभएका अन्य शिर्षकहरुः उल्लेखित बित्तीय विवरणमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ अवस्थाको चित्रण गरेको देखिदैन ।

सि.नं.	**विवरण**	**निकासा खर्च**
१	पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यहरु	२००००००
२	प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त (भौतिक पूर्वाधार)	१६८८७०००
३	प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पूर्स्थापना साझेदारी कार्यहरु	८९८७०००
४	प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पूर्स्थापना साझेदारी कार्यहरु	८८९०००
५	गरीवसंग विश्वेश्वर कार्यक्रम	४६४०००
६	सामाजिक सुरक्षा तथा संरक्षण	२०२४३१७४६।६९
	जम्मा	**२३१६५८७४६।६९**

३

मर्मत अभिलेख खाता : स्थानीय सरकार संचानल ऐन २०७४ अनुसार स्थानीय तहले सवारी मर्मत अभिलेख राखी त्यसको

			आधारमा मर्मत तथा संभार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिलकाले यस वर्ष सवारी मर्मत शिर्षकमा रु ३० लाख विनियोजन गरी रु २९ लाख खर्च गरेको छ । मर्मत अभिलेख खाता तयार गरी कुन कुन सवारी साधनलाई कुन अवधिमा मर्मत गर्नुपर्ने हो सो आधारमा मर्मत गरि खर्चमा मितव्यिता कायम गर्नुपर्दछ ।	
४			**आर्थिक सहायता** : स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार सार्वजनिक निकायले आर्थिक सहायता तथा अन्य सहायताको लागि आन्तरिक श्रोतको आंकलन गरी कार्यविधि तयार सो को औचित्यको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष धार्मिक सहायताको नाममा रु ८ लाख को बजेट विनियोजन गरी रु ६ लाख ७८ हजार खर्च गरेको छ त्यस्तै अन्य सहायतामा रु ८ लाख र राहत तथा उद्दार शिर्षकमा रु ८ लाख गरी २२ लाख ७८ हजार खर्च गरेको छ । यस प्रकारको कार्यमा मितव्ययीता र औचित्यताको आधारमा रकम खर्च गर्नुपर्दछ ।	
५			**धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले धरौटी बापतको रकम फिर्ता दिदा आन्तरिक राजश्व कार्यालयबाट निर्माण व्यवसायीले सम्वन्धित कार्यालयबाट भुक्तानी लिएको कर समायोजन पत्रको आधारमा रकम भुक्तानी हुनुपर्नेमा करचुक्ता प्रमाणपत्रको आधारमा कार्यालयबाट रकम भुक्तानी दिने गरेको कारण सम्वन्धित निर्माण व्यवसायीले सार्वजनिक निकायबाट भुक्तानी लिएको भ्याट रकमको समायोजन भए । नभएको एकिन गर्न नसकिने हुनाले आगामी दिनमा कर समायोजन पत्रको आधारमा धरौटी बापतको रकम फिर्ता गर्नुपर्दछ ।	
६			**शिक्षा विविध**	
६.१			पालिकाले बिद्यालयको अनुगमन नियमन व्यवस्था सम्वन्धि निर्देशिका तयार गरी मापदण्ड बमोजिम अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा सो निर्देशिका बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गरेको पाईएन । आगामि दिनमा निर्देशिका तयार गरी नियमित अनुगमन गर्नुपर्दछ ।	
६.२			निजी विद्यालय व्यवस्थापन गर्न तथा मितव्ययी तवरले शुल्क निर्धारण गरी शैक्षिक गुणस्तर सुधार गर्नको लागि सार्वजनिक निकायले निजी विद्यालय व्यवस्थापन र अनुगमन सम्वन्धि निर्देशिका तयार गरी सोहि बमोजिम विद्यालयको शुल्क तया अन्य मापदण्ड निर्धारण गर्ने र मापदण्ड बमोजिम कार्य गरे नगरेको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको पाईएन । संविधान प्रदत अधिकारको उपयोग गरी स्थानीय तहले आफु मातहत रहेका निकायका शैक्षिक गुणस्तर सुधार गर्न नितीगत व्यवस्था गरी सो पालना गर्न लगाउनुपर्दछ ।	
६.३			स्थानीय तह संचालन ऐन २०७४ अनुसार प्रमूख प्रशासिकय अधिकृतले आफू मातहत रहेका इकाईहरुको खर्च मितव्ययी तथा	

			पारदर्शि बनाउन प्रत्येक शाखाबाट आवस्यक कागजात तयार गर्न लगाई सोहि अनुरुप खर्च गर्नु तथा गर्न लगाउने व्यवस्था रहेको छ । सोही अनुरुप पालिकाले आफु मातहत रहेको शिक्षा शाखालाई विद्यालय अभिलेख खाता तयार गर्न लगाई सोही आधारमा शिक्षकको तलव भत्ता माग फारम ठिक छ वा छैन एकिन गरी रकम निकासा गर्ने तर्फ कदम चाल्नुपर्दछ ।	
६.४			स्थानीय तहले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नको लागि शैक्षिक गुणस्तरको मापन मापदण्ड सम्वन्धि कार्यविधि तयार गरी लागु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस सम्वन्धमा कार्यविधि तयार गरी सार्वजनिक शैक्षिक संस्था को गुणस्तर सुधार गर्नुपर्दछ ।	
७			**वित्तीय विश्लेषण**: कार्यालयले पेश गरेको विवरण तथा कार्यालयको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीले तयार गरेको म ले प फारम नं २७२ र मलेप फारम नं २७५ को अध्ययन गर्दा निम्नानुसार को व्यहोरा देखियो । • स्थानीय संचित कोष को म ले प फारम नं २७२ अनुसार संचित कोषको प्राप्ती तर्फ रु ८५ करोड ४९ लाख ७४ हजार , राजस्वबाट बाँडफाड बापतको रकम रु १९ करोड ४७ हजार , अनुदान बापत रु ६४ करोड ८६ लाख ५६ हजार, संघीय सरकारबाट अनुदान बापत रु ५८ करोड २० लाख ५६ हजार प्रदेश सरकारतर्फ ६ करोड ६५ लाख ९९ हजार, अन्य राजस्वमा संकलन बापत रु १ करोड ६२ लाख ७१ हजार र अन्य प्राप्ती बापत रु १ करोड ६० लाख ४४ हजार गरी गरी कुल प्राप्ती रु ८७ करोड १० लाख १९ हजार देखाएकोमा स्थानीय संचित कोषको आम्दानी प्रतिवेदन अनुसार संचित कोषबाट प्राप्ती रु , राजस्व बाँडफाडबाट रु १७ करोड ४४ लाख ९७ हजार , अनुदान बापत रु७० करोड २० लाख ७७ हजार मध्ये संघीय अनुदान बापत रु ६२ करोड २८ लाख ७९ हजार र प्रदेश अनुदान तर्फ रु ७ करोड ९१ लाख ९८ हजार , आन्तरिक स्रोत बाट रु ३ करोड १८ लाख २१ हजार र अन्य स्रोत बाट रु ८१ लाख ४२ हजार गरी कुल प्राप्ती रु ९१ करोड ६५ लाख ३७ हजार देखाई रु ४ करोड ५५ लाख १८ हजार फरक देखिन्छ । • सुत्र द्धारा तयार भएको मलेप फारम नं २७२ ले अन्य प्राप्ती र अन्य खर्च तर्फ अन्तर वित्तीय सरकारी अनुदान बापतको रु २३ करोड १६ लाख ५८ हजार समावेश गरेको छैन । • शुत्र द्धारा जारी भएको मलेप फारम नं २७२ ले संचित कोषबाट भुक्तानी रु ८९ करोड ५१ लाख ७८ हजार र अन्य खर्चमा रु ९० लाख ४९ हजार गरी कुल भुक्तानी रु ९० करोड ४२ लाख २८ हजार देखाएकोमा अन्य भुक्तानी तर्फ धरौटी तथा प्रकोप कोषको रु ९१ लाख ५६ हजार फिर्ता भई शुत्रले देखाएको कुल भुक्तानी भन्दा १ लाख ७ हजार कम भुक्तानी देखिन्छ ।	

			• कार्यालयको म ले प फारम नं २७२ ले रु २१ करोड ५१ लाख ८२ हजार अन्तिम मौज्दात देखाएकोमा वास्तविक रुपमा पालिकाको गत वर्षको जिम्मेवारी रु २० करोड ५९ लाख २० हजार मा यस वर्ष कुल प्राप्ती रु ९१ करोड ६५ लाख ३७ हजार र कुल भुक्तानी रु ९० करोड ४२ लाख २८ हजार गरी वास्तविक मौज्दात रु २१ करोड ८२ लाख २९ हजार रहेको देखिन्छ । • स्थानीय तहले बैंक समायोजन हिसाव खाता तयार गरेको छैन । • लेखापरीक्षणको क्रममा पेश्की खाता अध्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय व्ययको विवरण यथार्थ मान्न सकिएन । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकिए बमोजिम वित्तीय विवरणहरु तथा खाताहरु अधावधिक गरी आय तथा व्ययको वास्तविक अवस्था देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।	
८			**आ व को अन्त्यमा खातामा शुन्य बनाउनुपर्ने**	
८.१			स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले आ व अन्त्यमा आफ्नो कोष तथा अन्य खाता बाहेक नियमित प्रकारका खर्च खातामा बाँकी रहेको रकम संचित कोषमा ट्रान्सफर गरी खाता शुन्य बनाउनुपर्नेमा सो नगरेको हुदा नियमानुसार खाता शुन्य बनाउनुपर्दछ ।	
८.२			स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | **बैंकको नाम** | **खाताको प्रकार** | **खाता अनुसार बाकी रु** | **बैंक अनुसार बाकी रु** |	

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग २.७, विविध खर्च खाता</td><td>७६४५८२१.०४</td><td>७६४५८२१</td></tr>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>१,५१,४४,९९४.७५</td><td>१५५९६९९४।७५</td></tr>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>१७,७९,९७,७६४.६९</td><td>१९४४३२९६५</td></tr>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>९,३२,६६५</td><td>९३२६६५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२०१७२१२४५</td><td>२१८६०८४४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>बढी जिम्मेवारी : स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु. २० करोड ५९ लाख २० हजार मौज्दात कायम देखाएकोमा यो बर्षको शुरुमा रु २३ करोड ३८ लाख ६७ हजार जिम्मेवारी सारी रु २ करोड ७९ लाख ४७ हजार बढी जिम्मेवारी सारेको छ । पालिकाले स्पष्ट विवरण राखी म ले प फारम अपडेट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>जमानत बेगर रकम भुक्तानी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक निकायले सार्वजनिक रकमको खर्च गर्नुपूर्व विल भरपाई प्रमाण कागजात तथा कार्यविधि अनुसार भुक्तानी दिन औचित्य भए । नभएको एकिन गरी भुक्तानी दिनपर्ने व्यवस्था रहेको छ । पालिकाले गत विगत बर्ष देखि नै बजेटको विनियोजन गरी यूवालाई स्वरोजगार बनाउन उनीहरुको चाहाना अनुसारको लगानीको बिउ पूजिको लागी ३ बर्षको लागि ऋृण लगानी गर्ने योजना सहित नजजागरण बचत तथा ऋृण सहकारी संस्था लिमिटेड लाई उक्त संस्थाले विभिन्न नया लगानीकर्तालाई ऋृण लगानी गरेको भनी विवरण उपलव्ध गराएको आधारमा मिति २०७६।४।१ मा उक्त संस्थाको खातामा १५ लाख , मिति २०७७।९।२२ मा रु १५ लाख र मिति २०७८।७।१५ मा रु १६ लाख ५० हजार गरी हालसम्म रु ४६ लाख ५० हजार रकम उक्त संस्थामा जम्मा गरेको देखिन्छ । जसबाट हालसम्म उक्त संस्थाले १६ जनालाई सुरुको २ बर्ष ३ , ३ जनालाई रु ५ लाखको दर र पछिल्लो बर्ष १० जनालाई रु १ लाख देखि २ लाख गरी रकम ऋृणको रुपमा उपलव्ध गएको विवरण उपलव्ध गराएको छ । ऋृण लगानी कहिले सम्म फिर्ता गर्नुपर्ने साथै उक्त ऋृणबाट उद्यमीले कुन कुन व्यवसाय संचालन गरेको हो , हाल उक्त व्यवसाय कुन अवस्था छ कुनै पनि कुराको लेखा जोखा तथा अनुगमन नगरी रकम संस्थाको खातामा विना कुनै जमानत बेगर लगानी गरी रकमको जोखिम बढेको हुदा पालिकाले अनुगमन गरी ऋृणको अवस्था अनुसार रकम असुल गर्नुपर्ने रु</td><td>४,६५०,०००</td></tr>
<tr><td>११</td><td></td><td></td><td>समपुरक योजना : स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने समपूरक र विशेष अनुदान बापतको रकम वार्षिक कार्यक्रममा समावेश गरी विशेष योजनाको हकमा स्थानीयले विशेष ठहर गरेको योजनामा लगानी गरी कार्यसम्मपन्न</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने र बाँकी रकम भुक्तानी गर्नुपर्ने तथा समपुरक योजनाको समेत कार्यसम्मन्न प्रतिवेदनको आधारमा कुल भुक्तानीमा ५० प्रतिशत पालिका र ५० प्रतिशत सम्वन्धित सरकारको कोषबाट भुक्तानी दिने र बाँकी रकम फिर्ता पठाउनुपर्नेमा कार्यालयले स्वीकृत बजेटबाट लागत अनुमान तयार गरी ठेक्का प्रकृयामा जादा लागत अनुमान भन्दा न्यून रकममा सम्झौता भएको भनी पुन अन्य योजनाको लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेको भनी उक्त योजनाको भुक्तानी दिएको छ । यसरी तोकिएको योजनामा खर्च गरी बाँकी रकम फिर्ता पठाउनुपर्नेमा कार्यविधि विपरित अन्य योजनामा समेत रकम खर्च गर्ने गरेको हुदा यस कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>अवण्डा बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालू तर्फ पदाधिकारी अन्य सुविधा शिर्षकमा रु १ करोड १४ लाख ५६ हजार , अन्य भत्तामा ४ लाख , सार्वजनिक उपयोगिताको सेवा खर्चमा रु २ लाख र निर्मित सार्वजनिक सम्पतिको मर्मत संभारमा रु ९ लाख र पूँजिगत तर्फ सवारी साधन मर्मत भनी रु २५ लाख गरी रु १ करोड ५४ लाख ५६ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णय अनुसार आ व को अन्त्य तिर रकमान्तर गरी अन्य शिर्षकमा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>क्षेत्रगत बजेटः नगरपालिकाको कुल बजेट १ अर्व ८ करोड ६३ लाख ८० हजार र खर्च ८९ करोड ५१ लाख ७८ हजारको आधारमा समग्रमा ८२।४ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क स</th><th>क्षेत्रगत बजेट</th><th>रकम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>1</td><td>आर्थिक विकास</td><td>५१८४२२४९</td><td>५.७९</td></tr>
<tr><td>2.</td><td>सामाजिम विकास</td><td>४५७४४७६२४</td><td>५१</td></tr>
<tr><td>3.</td><td>पूर्वाधार विकास</td><td>२५१६९२६७५</td><td>२८.१२</td></tr>
<tr><td>4</td><td>वित्तिय व्यवथापन र सुशासन</td><td>१६७७६७१२</td><td>१.९</td></tr>
<tr><td>5</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>११७४१९४४४</td><td>१३.१२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८९५१७८७०४</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ५१ प्रतिशत, पूर्वाधार विकासमा २८.१२ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा १३.१२ प्रतिशत, आर्थिक विकास तर्फ ५.७९ प्रतिशत, र</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>वित्तिय व्यवस्थापन र सुशासन तर्फ १.९ प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>रकमान्तर: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ अनुसार स्थानीय तहले पूर्ण तथा दिर्धकालिन योजना तर्जुमा गरी प्रतिफलयुक्त तवरले प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले एक पटक आवस्यकता महसुस गरी निर्धारण गरेको योजना मध्ये आ व को अन्त्य तिर ५१ योजनामा विनियोजन भएको रु १ करोड ३८ लाख ८७ हजार रकमको योजना हटाइ ६२ योजनाको लागि १ करोड ५० लाख ५८ हजार रकम विनियोजन गरेको छ । एक पटक आवस्यकता महसुस गरी तर्जुमा गरिएको योजनालाई आ व अन्त्यमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>समन्वय : पालिकाले आफ्नो वार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार र प्रदेश सरकारका निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी गाउँपालिकालाई जानकारी गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>चौमासिक खर्च: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>1</td><td>पूजिगत</td><td>४०१४६४</td><td>२७१४२</td><td>१३४४५६</td><td>२३९८६५</td><td>९८८२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बजेट पेश तथा पारितः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७८।०३।१० मा नीति तथा कार्यक्रम एवं रु.१ अर्व ८ करोड ६३ लाख ८० हजारको बजेट पेश भई २०७८/०३/२२ मा पारित भएको छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले २०७८/०४/७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

१८			**करार कर्मचारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय ३९(५) मा वित्तीय उत्तरदायि अधिकृतले औतित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघीय सरकारद्धारा विभिन्न पद गरी जम्मा ६९ पद स्वीकृत गरेकोमा पालिकाले ओ.एन.एम. सर्भे गरेको भनी १० औ नगरसभाबाट स्वीकृत भएको भनी हाल विभिन्न तल्लो तहको पदमा बढी दरवन्दी राखी १३२ पद सृजना गरी ६३ पदमा करार नियुक्त गरी वार्षिक रु २ करोड १० लाख ७४ हजार खर्च गरेको छ ।विशेषगरी अप्राविधिक सानो पदमा आउट सोर्सिङ्को माध्यमबाट मितव्ययी तवरमा कार्य गराउन सकिनेमा उक्त कार्यनगरी त्यसप्रकारको पदमा करार सेवामा कर्मचारी भर्ना गरी रकम भुक्तानी भएको छ । पालिकाले यस प्रकारको कार्यमा अध्ययन गरी खर्च गर्ने प्रकृयामा मितव्ययिता अपनाउनुपर्दछ ।	
१९			**तलवी प्रतिवेदन** : निजामति सेवा ऐन २०४९ को दफा २९ अनुसार सार्वजनिक निकायले तलवी प्रतिवेदन पास गरेरमात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नगर सभाबाट कर्मचारीको तलवी प्रतिवेदनलाई पारित गरी सो को आधारमा रकम भुक्तानी गरेकोमा सो तलवी प्रतिवेदन पास गर्दाको आधार पेश नभएको हुदा उक्त पारित प्रतिवेदन सहि भए नभएको एकिन गर्न सकिएन ।	
२०			**स्थानीय उपदान कोष**	
२०.१			स्थानीय सरकार संचालन ऐनले उपदानमा जाने कर्मचारीको योगदानमा आधारित भई उपदान कोष तयार गरी उपदानमा जाने कर्मचारीबाट १० प्रतिशत रकम कट्टी गरी १० प्रतिशत का दरले पालिकाले रकम उपदानकोषमा दाखिला गर्नुपर्नेमा सो नगरी यो वर्ष रु १६ लाख ८० हजार कल्याणकारीकोषमा ट्रान्सफर गरेको रकम संचित कोषमा ट्रान्सफर गर्नुपर्ने रु	१,६८०,०००
२०.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९२(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले साबिकका योगदानमा आधारित उपदान वा निवृत्तिभरणका लागि उपदान कोष खडा गरी नियमानुसार लाभग्राहि कर्मचारिको मासिक तलब भत्ताबाट १०% कट्टी गरी सोहि रकम बराबर उपदान कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले मातहतमा रहेका उपदानमा जाने कर्मचारी १ जनाको मासिक तलव भत्ताबाट १० प्रतिशतका	

			दरले रकम कट्टी गरी सोही बरावरको रकम पालिकाबाट जम्मा नगरेको हुदा आगामी दिनमा उपदान कोष तयार गरी रकम जम्मा गर्नुपर्दछ ।	
२१			**प्रोत्साहन भत्ता** :स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था बमोजिम भत्ता दिँदा सम्बन्धित कानून तयार गरी सो को आधारमा भत्ता वितरण गर्नुपर्नेमा पालिकाले यस सम्वन्धि कुनै कानूनी व्यवस्था नगरिकनै प्रोत्साहत भत्ता वितरण गरेको छ । कानूनी व्यवस्था गरेरमात्र भत्ता वितरण गर्नुपर्दछ ।	
२२			**कोभिड**	
२२.१			कोभिड तया प्रकोप व्यवस्थापनको लागि संघ , प्रदेश तथा स्थानीय तह विच समन्वय तथा सहकार्यमा योजना तथा कार्यक्रम संचालनको खाका तयार गरि लागु गर्नुपर्नेमा पालिकाले यस सम्वन्धमा कुनै खास ठोस खाका तयार गरेको देखिएन । आगामी दिनमा पालिकाले यस सम्वन्धमा आवस्यक पहल गरी प्रकोप तथा कोरोनाको क्षति न्यूनिकरणमा ध्यान दिनुपर्दछ ।	
२२.२			स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु ३५ लाख संधीय कोभिड कोषबाट रु १० लाख र अन्य श्रोतबाट रु २ लाख ७९ हजार गरी कुल ४७ लाख ६९ हजार प्राप्त भएकोमा निम्न अनुसार रु ९ लाख ८८ हजार खर्च भएको छ।	

बजेट/आम्दानीको स्रोत	**२०७९ असार मसान्तसम्म प्राप्त रकम**	**खर्च शीर्षक**	**२०७९असार मसान्तसम्म खर्च रकम**
संघीय सञ्चित कोषबाट	०	राहात वितरण	०
प्रदेश सञ्चित कोषबाट	०	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	०
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	३५,००,०००/-	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	०
संघीय कोभिड कोषबाट	१०,००,०००/-	जनशक्ति परिचालन(जोखिम भत्ता)	७,०९,०००/-
प्रदेश कोभिड कोषबाट	०	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	
अन्य स्रोतबाट प्राप्त (संघिय शसर्त कार्यक्रमवाट)	२,७९,०००/-	स्वास्थ्य पूर्वाधार निर्माण	

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>अन्य शीर्षकमा भएको खर्च</td><td>२,७९,०००/-</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>४७,७९,०००/-</td><td>जम्मा</td><td>९,८८,०००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कानून तर्जुमा तथा कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार आवश्यक ऐन नियम स्वीकृत गरी लागु गर्नुपर्ने भनी सामान्य प्रशासन मन्त्रालयद्धारा ४२ वटा भन्दा बढी नमुना कानून बनाई पालिकालाई पठाएको अवस्थामा पालिकाले आवस्यकता अनुसार कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन तत्परता नदेखिएको हुदा पालिकाले यस तर्फ सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कर दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार सार्वजनिक निकायले भुक्तानी गर्नुपर्ने कर समयमै भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको म ले प फारम नं २७२ मा कर कट्टी गरेको रु १०६०४७ दाखिला गर्न बाँकी देखाएको छ । पालिकाले उक्त कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु</td><td>१०६,०४७</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन</td><td></td></tr>
</table>

			तयार गरेको पाईएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको इ टीडिएस नगरेको पाइयो। • विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने	

			गरेको पाईयो । • निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस योजनामा पालना भएको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गरेको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।	

<table>
<tr><td></td><td></td><td></td><td>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो ।

• विद्यालयले पठाएको चौमासिक/ त्रैमासिक मागफाराम वेगरै विद्यालयका शिक्षकहरुको तलव भत्ता खर्च निकासा दिएको छ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल, साँस्कतिक प्रर्दशन हल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । नियमानुसार उक्त कर उठाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>राजश्व अनुमान र प्राप्ति : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु ४३२८३२३० आम्दानी गरेको देखिन्छ । जस अनुसार पालिकाले दिएको विवरण अनुसार राजश्व अनुमान तथा प्राप्त अवस्था निम्नानुसारको रहेको छ

<table>
<tr><th>राजस्व उपशीर्षक</th><th>अनुमानित बजेट</th><th>प्राप्त रकम रु.</th></tr>
<tr><td>११३१३ एकीकृत सम्पती कर</td><td>६०००००0</td><td>६५६०७६३</td></tr>
<tr><td>११३१४ भुमिकर/मालपोत</td><td>७५०००००</td><td>१०३३१३३४</td></tr>
<tr><td>११३२१ घरवहाल कर</td><td>१५०००००</td><td>२५४९०५०.०४</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११३२२ वहाल विटौरी कर</td><td>१५०००००</td><td>१०८१४५१</td></tr>
<tr><td>११६९१ अन्य कर</td><td>२००००००</td><td>६४८८८४९.६१</td></tr>
<tr><td>१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय</td><td>११५०००००</td><td>११४६२२२३.६७</td></tr>
<tr><td>१४२४१ पार्किङ्ग शुल्क</td><td>५०००००</td><td>०</td></tr>
<tr><td>१४२४२ नक्सापास दस्तुर</td><td>५०००००</td><td>७५५१०३.७५</td></tr>
<tr><td>१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>५०,०००</td><td>२६११०५</td></tr>
<tr><td>१४२४५ नाता प्रमाणित दस्तुर</td><td>५०,०००</td><td>८९,५००</td></tr>
<tr><td>१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>३५०००००</td><td>३२७१८५०</td></tr>
<tr><td>१४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर</td><td>१७००००००</td><td>०</td></tr>
<tr><td>१४५२१ प्रदुषण नियन्त्रण शुल्क</td><td>४०००००</td><td>४३२०००</td></tr>
<tr><td>१४५२९ अन्य राजस्व</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>५२००००००</td><td>४३२८३२३०</td></tr>
</table>
पालिकाले यस वर्ष रु ५ करोड २० लाख राजश्व संकलन गर्ने लक्ष्य लिएको मा ४ करोड ३२ लाख २८ हजार राजश्व संकलन भएको छ । पालिकाले निर्धारण गरेको लक्ष्य मध्ये ३ वटा शिर्षकमा राजश्व संकलन भएको छैन । पालिकाले राजश्व संकलनमा विशेष कार्ययोजना तयार गरि योजना बमोजिम राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>राजश्व आम्दानी: मिति २०७८ पौष २० गते नगरपालिकाको राजश्व परामर्श समितिको वैठकको प्रस्ताव नं. ३ बमोजिम छलफल गरी मन्थली रोडा ढुङ्गा उधोग प्रा.ली. द्वारा प्रा.ली. परिसरमा भण्डारण गरीराखेको नदीजन्य पदार्थ निकासी गर्न मिति २०७८।९।९ मा निवेदन मार्फत माग गरेको र भण्डारण गरी राखेको नदीजन्य पदार्थको श्रोत तथा परीणाम यकीन गर्न गठित अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदनको आधारमा श्रोत खुलेको नदीजन्य पदार्थ निकासी गर्न अनुमति प्रदान गर्ने र श्रोत नखुलेको नदीजन्य पदार्थ जफत गरी लिलामी प्रकृया अगाडी बढाउन नगर कार्यपालिका लाई निर्देशन दिने गरी श्रोत नखुलेको नदीजन्य पदार्थको परीमाण २२७८० घनफिट उल्लेख गरेको छ । तर उक्त नदीजन्य पदार्थ लिलाम गरेको नदेखिएकोले मिति २०७८।५।२ मा प्रकाशित सूचना अनुसार प्रति घनफिट स्वीकृत भ्याट सहितको कर रु. १०।१७ को दरले २२७८० घनफिट नदीजन्य पदार्थको न्यूनतम हुने रु. २३१६७३।– लिलामी गरी पालिकाको राजश्व खातामा आम्दानी बाध्नुपर्ने रु.</td><td>२३१,६७३</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>जरिवाना : सार्वजनिक खरीद नियमावली नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौतामा उपचार सम्बन्धि अन्य आवश्यक व्यहोराको अलवा सम्झौता बमोजिम कार्यन्वयन नभएमा हर्जना वा जरीवानाको व्यहोरा उल्लेखगरी सम्झौता गर्नुपर्ने</td><td></td></tr>
</table>

उल्लेख छ । नगरपालिकाले फोहोर मैला व्यवस्थापन रु. ९०४५६५।– रकम उठाउन किस्तावन्दीमा सम्झौता गरी पहिलो किस्ता पौष मसान्तमा र अन्तिम किस्ता चैत्र मसान्तान बुझाउने गरी मिति २०७८।४।१४ मा आर. एस. कन्ट्रक्सनसँग सम्झौता भएको छ । उक्त समयावधीमा रकम नवुझाएमा के कारवाही गर्ने उल्लेख नगरिकनै सम्झौता भएको हुदा ठेक्का कवोलकर्ता आर. एस. कन्ट्रक्सन ले निम्नानुसार ढिला दाखिला गरेको छ । पालिकाले आगामी दिनमा रकम तोकिएको समयमा नबुझाएको खण्डमा प्राप्त हुने जरिवाना सहितको प्रावधान राखि सम्झौता गर्नुपर्दछ ।

किस्ता	**रकम**	**दाखिला गर्नुपर्ने**	**दाखिला**	**ढिला**
पहिलो	४३२०००(मु.अ.कर समेत)	सम्झौता बखत	२०७८।४।१२	समयमै
दोस्रो	३०००००(मु.अ.कर समेत)	२०७८ पोष समान्त भित्र	२०७९।३।३१	६ महिना ढिला
अन्तिम	१७२५६५(मु.अ.कर समेत)	२०७८ चैत्र मसान्त भित्र	२०७९।४।१	३ महिना ढिला

३१

व्याज असुली : मन्थली नगर क्षेत्रभित्र बातावरणीय प्रतिवेदनले तोकेको स्थानबाट ढुङ्गा, गिटी बालुवाको कर उठाउनको लागी करुणा कन्ट्रक्सन मन्थली संग ठेक्का नं. १।०७८।७९ बमोजिम मू.अ. कर बाहेक रु.१७००००००।–(२०७८ आश्विन देखी २०७९ असार मसान्ता सम्म) ठेक्का बन्दोवस्त गर्ने सम्झौता मिती २०७८।६।१२ मा भएको छ । सम्झौताको सि.नं. ११ बमोजिम तोकिएको म्यादभित्र सम्झौता कर्ताले नगरपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नवुझाएमा वाकी किस्ता रकमको ५ प्रतिशतका दरले व्याज समेत उक्त पार्टिबाट नगरपालिकाले अशुल गर्नुपर्ने उल्लेख छ ।तर पालिकाले निम्नुसार ढिला असुल गरेकोमा उल्लेखीत व्यवस्था बमोजिम व्याज असुल नगरेकोले उक्त रकम रु. ६३५५००।- सम्वन्धित पार्टिबाट असूल गर्नुपर्ने रु.

६३५,५००

किस्ता	बुझाउनुपर्ने रकम	बुझाउनुपर्ने मिति	बुझाएको रकम	दाखीला मिति
१	६४०३३३४	२०७८।६।१२ भित्र	६५००००००	०७८।६।१२
२	६४०३३३४	२०७८।११।३१ भित्र	५०००००००	०७९।३।२०
३	६४०३३३४	२०७९।१।३२ भित्र	२००००००	०७९।३।२६
			३२७१००२	०७९।३।३०
			२४३९०००	०७९।३।३०
	जम्मा		१९२१०००२	

३२

घर जग्गा कर : स्थानीय सरकार संचालन ऐन 2074 को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको

			रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन। अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।	
३३			**कार्यसम्पन्न प्रतिवेदन पेश नभएको :** नविकरणीय उर्जा प्रविधी जडान कार्यक्रम अन्तर्गत अर्थलिंक नेटवर्क एण्ड टेक्नोलीजी प्रा.ली. संग सम्झौता गरी कोटेशन बमोजिम १४ थान सोलर प्यानल सहित अवश्यकसामान सहित (जडान खर्च समेत)को गो भौ नं १९।२०७९।३।९ बाट रु. ७९८९१०।– भुक्तानी दिएको छ । यधापी लेखापरीक्षण अवधी २०७९।५।५ सम्म पनी जडान गरी कार्यसम्पन्न प्रतिवेदन पेश नगरी भुक्तानी भएको हुदा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	७९८,९१०
३४			**बजेटको सुनिश्चितता :** नगरपालिकाको चालु आ.व.२०७८।७९ को प्रदेश शसर्त (प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम) को अनुदान रकमबाट वार्ड नं. १ मन्थलीमा लिसिनपानी ढुङ्गेश्वर दलित वस्ती खानेपानी योजनाको लागी रु. ६० लाख बजेट विनियोजन भएकोमा स्टीमेट रकम रु. ६८७९६८१।२४ मध्ये नगरपालिका कार्यलयबाट रु. ५८२००००।– र जनसहभागीता रु. १०५९६८१।२४ व्यहोर्ने गरी २०७९।३।१५ भित्र सम्पन्न गर्नेगरी २०७९।२।१३ मा सम्झौता भै जनसहभागिता कट्टागरी गो भौ नं ५।२०७९।३।२४ बाट रु. ४३८०१३२।–भुक्तानी दिएको छ । तर सम्झौता अनुसार विधुतिकरण कार्य निजीधारा जडान लगायत को कार्य अधुरो रहेको छ । लागत अनुमान बमोजिम रु. १७०१६३०।५९ कार्य बाकी रहेको छ । यसरी एकातिर प्रदेशवाट प्राप्त रकम खर्च नभै फिर्ता भएको छ । भने अर्कोतिर श्रोतको अभावमा खानेपानी आयोजना अधुरो रहेको स्थिती देखिदा श्रोतको सुनिश्चितता गरी उक्त खानेपानी आयोजना सम्पन्न गर्नुपर्दछ ।	
३५			**म्याद नाघेको पेश्की:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि दिएको पेश्की सोही आर्थिक वर्ष फछ्र्यौट् हुन नसकेमा कार्यालय प्रमुखले पेश्की लिने पक्षको आवश्यक विवरण उल्लेख गरी पेश्की बाँकीको विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ। यस आ.व.मा म्याद ननाघेको पेश्की नभएको तर म्याद नाघेको पेश्की रु. ३९७५०० रहेको छ।पेश्की फछ्यौट् नियमानुसार समयमै गर्नुपर्दछ। म्याद नाघेको पेश्की रु.	३,९७५,०००

सि.नं.	पेश्की लिएको मिति	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको रकम	फछ्र्यौटको अन्तिम म्याद	म्याद नाघेको
१	११/२५/२०७८	बोगटी एण्ड ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.		१२/३०/२०७८	४७५०००
२	०२/१०/२०७९	श्री मन्थली मा.वि मन्थली	३५,००,०००	०३/१४/२०७९	३५०००००
जम्मा					३९७५०००

३६			**अनुगमन खर्च**: स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार जननिर्वाचित पदाधिकारी तथा कर्मचारीले आफ्नो कार्यक्षेत्रमा कार्य गरे बापत अनुगमन बापतको रकम वितरण गर्न सकिने व्यवस्था गरेको देखिदैन । पालिकाले कृषि तर्फको विभिन्न कार्यक्रमको अनुमगन गरेको भनी अंकित लुइटेललाई गो भौ नं रु ६९६०० भुक्तानी भएको श्रेष्तामा मिति २०७९।२।८ देखि २०७९।३।१८ सम्म विभिन्न मितिमा अुनगमन गरेको भनी ५ जनालाई १५०० का दरले रु ३ दिनको रु २२५०० , ६ जनालाई ३ दिनको १२०० का दरले रु २१६०० , २ जनालाई ३ दिनको रु १००० का दरले रु ६००० भुक्तानी भएको छ । नियम विपरित भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु	५०,०००
३७	८४१	२०७९-३-२२	**लागत साझेदारी कार्यक्रम**: लागत साझेदारीमा पशुपन्छी प्रबर्द्धन कार्यक्रम कार्य संचालन प्रकृया सम्वन्धि मार्गदर्शन २०७७ को बुदा नं ४ अनुसार कार्यक्रम संचालन गर्न स्थानीय तहमा पशु शाखा हेर्ने पदाधिकारीको सयोजकत्वमा कार्यदल गठन गर्ने र स्थानीय तहले कार्यक्रम संचालनको लागि १५ सुचना प्रकाशन प्रकाशन गर्नुपर्ने र सम्वन्धित लाभग्राहि समुहलाई अनुसुचि २ बमोजिमको कार्ययोजना सहित अनुसुचि ३ बमोजिमको निवेदज पेश गर्न लगाउने र समुह गठन गर्दा विदेशबाट फर्किएका अल्पशंख्यक आदिबासी तथा गरिव परिवारलाई समुहमा आवद्ध गर्न प्रोत्साहन गर्नुपर्दछ । प्राप्त कार्ययोजनालाई अध्ययन गरी कार्यदलले अनुसुचि ५ बमोजिम अनुसुचि ६ मा उल्लेख भएका कार्य गर्नको लागि ८० प्रतिशत रकमको रकम साझेदारी कार्यक्रममा संचालन गरिने कार्यक्रम को संख्या तथा क्षेत्रफल बद्धि गर्ने र बाँकि २० प्रतिशत रकमको उक्त कार्यक्रममा जनचेतना लगायत अन्य तालिम तथा सिप मुलक कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ८४१।०७९।३।२२ बाट विभिन्न १३ प्रकारको लागत साझेदारी कार्यक्रम भनी रु ३० लाख भुक्तानी भएको छ । आ व को अन्त्यमा कार्यविधि अनुसार कार्यक्रम संचालन गर्नुपर्नेमा सो नगरी केवल भरपाई को आधारमा रकम भुक्तानी भएको हुदा सम्वन्धित निकायले अनुगमन गरी रकमको सुनिश्चितता गर्नुपर्दछ ।	
३८			**पेश्की फछर्यौट**: गतवर्ष खर्च नभै बाकी रहेको रकम रु. २३६८६७५०४।०८ मध्येबाट १४८१५९१०३।– खर्च भै रु. ८५७०८४०१।०८ बाँकी रहेकोमा मन्थली न.पा. -१ स्थित हाटेचौरमा निर्माणधीन तिनलाल पार्क निर्माणको लागी यसवर्ष रु. ५ करोड बिनियोजन भएकोमा देखिएका थप व्यहोरा निम्नानुसार छन् । १. कूल लागत अनुमान रु. ८६९९८४८४।६८ (म्याट र कन्टीजेन्सी बाहेक) रहेको तिनलाल मार्क नगरप्रमुख बाट मिती २०७६।९।१४ मा स्वीकृत लागत अनुमान र उक्त पार्क पाँचपोखरी सुवेदी जे.मी. संग २०७७।१।३१ मा सम्झौता भई २०७८।५।८ भित्र सम्पन्न हुने गरी रु. ६८८२२३०७।९४ भ्याट सहित सम्झौता भएकोमा प्राप्त विवरण अनुसार हालसम्म निम्नानुसार भुक्तानी भएको छ ।	

सि.न.	रनिङ्ग विल	भ्याट सहित भुक्तानी	खर्च शिर्षक

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>प्रथम</td><td>६९१५६२४।१५</td><td>मौज्दात</td></tr>
<tr><td>२</td><td>दोस्रो</td><td>१४३५२३५२।९८</td><td>मौज्दात</td></tr>
<tr><td>३</td><td>तेस्रो</td><td>१०९५८२८६।८२</td><td>मौज्दात</td></tr>
